आज मिति २०८२ साल भदौ महिनाको ३० गतेका दिन बिहान ११ बजे यस स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाको ७९औं बैठक यस नगरपालिकाका नगर प्रमुख श्री टेक प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा कार्यपालिकाका निम्न सदस्यहरुको उपस्थितिमा बसी तपसिल बमोजिमको निर्णय गरियो।

उपस्थिति:

| क्र.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री टेक प्रसाद भण्डारी | नगर प्रमुख | |
| २ | श्री मिनराज राना मगर | नगर उप-प्रमुख | |
| ३ | श्री मेघराज जि.सी. | कार्यपालिका सदस्य/१ नं. वडा अध्यक्ष | |
| ४ | श्री बुद्धिराम पुन मगर | कार्यपालिका सदस्य/२ नं. वडा अध्यक्ष | |
| ५ | श्री कृष्ण बहादुर रोकाय | कार्यपालिका सदस्य/३ नं. वडा अध्यक्ष | |
| ६ | श्री सुवर्ण कुमार श्रेष्ठ | कार्यपालिका सदस्य/४ नं. वडा अध्यक्ष | |
| ७ | श्री गिर बहादुर घर्ति मगर | कार्यपालिका सदस्य/५ नं. वडा अध्यक्ष | |
| ८ | श्री गिरे गुरुङ | कार्यपालिका सदस्य/६ नं. वडा अध्यक्ष | |
| ९ | श्री सुरज घर्ति मगर | कार्यपालिका सदस्य/७ नं. वडा अध्यक्ष | |
| १० | श्री खोप बहादुर राउत | कार्यपालिका सदस्य/८ नं. वडा अध्यक्ष | २०८२/५/३०/ |
| ११ | श्री नर बहादुर वि.एम. | कार्यपालिका सदस्य/९ नं. वडा अध्यक्ष | |
| १२ | श्री पुरुषोत्तम बराली | कार्यपालिका सदस्य | |
| १३ | श्री सुरज संगम सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री शारदा बुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | श्री खेमराज विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १६ | श्री अमृता देवी बुढाथोकी | कार्यपालिका सदस्य | |
| १७ | श्री शिवा देवी के.सी. | कार्यपालिका सदस्य | |
| १८ | श्री वविता वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री केशवराज भट्टराई | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रीतः

| क्र.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री विष्णु प्रसाद पोखेल | प्रशासन शाखा प्रमुख | |
| २ | श्री रमेश पोखरेल | रोजगार संयोजक | |
| ३ | श्री फत बहादुर मगर | ई.पि | |

नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

बैठक संङ्ख्या नं.: ७९
मिति: २०८२/०५/३०
समय: बिहान ११ बजे
स्थान: नगरपालिकाको सभाहल

प्रस्तावहरु:

१. अधिल्लो कापा बैठकको समिक्षा सम्बन्धमा.।
२. भूमिहीन दलिद, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबास सम्बन्धमा।
३. नगर प्रमुख सचिवालय कर्मचारी सम्वन्धमा।
४. सामाजिक सुरक्षा कोष सम्वन्धमा।
५. प्र.अ. व्यवस्थापन कार्यविधि सम्बन्धमा।
६. जलस्रोत तथा मुहान दर्ता कार्यविधि सम्बन्धमा।
७. मर्मत सम्भार कोष संकलन संचालन कार्यविधि सम्बन्धमा।
८. कृषक समुह गठन तथा परिचालन सम्बन्धी निर्देशिका सम्बन्धमा।
९. मनो सामाजिक परामर्श कर्मचारी सम्बन्धमा।
१०. पुरानो एम्बुलेन्स सम्वन्धमा।
११. नगर भित्रका सार्वजनिक जग्गा सम्बन्धमा।
१२. ढुङ्गा गिट्टी बालुवाको IEE प्रतिवेदन सम्वन्धमा।
१३. शिक्षक सरुवा सम्बन्धमा।
१४. ज.स्वा.नि. दुर्गा प्रसाद गोराथोकीको अध्ययन विदाको पूर्व स्वीकृत सम्बन्धमा।
१५. सि.अ.हे.व मुकुल कवर मगरको अध्ययन विदाको पूर्व स्वीकृत सम्बन्धमा।
१६. विभिन्न निवेदन सम्बन्धमा।

निर्णयहरु:

निर्णय नं.(१) प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/०४/२१ गते बसेको ७८औ नगर कार्यपालिका वैठकले गरेका निर्णयहरु तथा कार्य प्रगतिका विषयमा छलफल गर्दा उक्त बैठकमा गरिएका निर्णयहरुको कार्यान्वयनका क्रममा भएको र कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं.(२) प्रस्ताव नं. २ माथि छलफल गर्दा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित वसोवासी सम्बन्धमा अर्को कार्यपालिका बैठकवाट आवश्यक निर्णय लिने निर्णय गरियो।

निर्णय नं.(३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्वर्गद्वारी नगरपालिकाको कार्यालय सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद १० मा रहेको व्यवस्था बमोजिम सेवा सुविधा उपलब्ध हुने गरी एक जना करार सेवामा नगर प्रमुखको सचिवालयमा कर्मचारी राख्ने निर्णय गरियो।

स्वर्गद्वारी नगरपालिका २०७३

केशवराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णय नं.(४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिका र मातहतका शाखा कार्यालयमा अस्थायी, करार र ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई आ.व २०८२/२०८३ मा सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने भनि १७औं नगरसभाको नीति कार्यक्रममा समावेश गरी बजेटको सुनिश्चितता समेत भएकोले सामाजिक सुरक्षा कोषमा आवद्धताको लागि सामाजिक सुरक्षा कोषको कार्यालयमा सूचिकृतको लागि पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं.(५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा प्र.अ. व्यवस्थापन कार्यविधि थप अध्ययन गरी अर्को कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो।

निर्णय नं.(६) प्रस्ताव नं. ६ माथि छलफल गर्दा स्वर्गद्वारी नगरपालिकाको जलस्रोत तथा मुहान दर्ता कार्यविधि, २०८२ स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं.(७) प्रस्ताव नं. ७ माथि छलफल गर्दा मर्मत सम्भार कोष संचालन कार्यविधि, २०८२ को थप अध्ययन गरी अर्को कार्यपालिका बैठकमा आवश्यक छलफल गर्ने निर्णय गरियो।

निर्णय नं.(८) प्रस्ताव नं. ८ माथि छलफल गर्दा कृषक समुह गठन तथा परिचालन सम्बन्धी निर्देशिका, २०८२ स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं.(९) प्रस्ताव नं. ९ माथि छलफल गर्दा मनो सामाजिक परामर्श कर्मचारी सम्वन्धमा अर्को कार्यपालिका बैठकबाट आवश्यक निर्णय लिने निर्णय गरियो।

निर्णय नं.(१०) प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ४ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्र भिंग्रीको नाममा रहेको रा १ झ १२२ नं. को पुरानो एम्बुलेन्स सम्बन्धित व्यक्ति/संस्थाले नै मर्मत गरी न्युनतम मासिक १० हजार भाडा यस कार्यालयलाई दिने गरी सञ्चालनको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो।

निर्णय नं.(११) प्रस्ताव नं. ११ माथि छलफल गर्दा नगर भित्रका सार्वजनिक जग्गाको सम्वन्धमा थप अध्ययन गरी अर्को कार्यपालिका बैठकमा आवश्यक छलफल गर्ने निर्णय गरियो।

निर्णय नं.(१२) प्रस्ताव नं. १२ माथि छलफल गर्दा क्रेष्ट इन्जिनियर्स प्रा.लि. विजुवार प्यूठानबाट पेश भएको स्वर्गद्वारी नगरपालिका वडा नं. ३,४,५,७,८,९ अन्तर्गत पर्ने माडीखोलाको वातावरणीय अध्ययन प्रतिवेदन(IEE) को मस्यौदा स्वीकृत गरी ठेक्का प्रक्रियामा जाने निर्णय गरियो।

निर्णय नं.(१३) प्रस्ताव नं. १३ माथि छलफल गर्दा शिक्षक सरुवा सम्वन्धमा छलफल गर्दा यस नगरपालिकाको मिति २०८२/०४/०९ गतेको विद्यालयमा रिक्त रहेको नगर अनुदान कोटामा सरुवाको लागि निवेदन आह्वान सम्वन्धी सूचना अनुसार रित पूर्वक परेको निवेदनहरुलाई देहाय अनुसार सरुवा गर्ने निर्णय गरियो।

| क्र.स. | शिक्षक नामथर | तह | हाल कार्यरत विद्यालय | सरुवा गरिएको विद्यालय |
|---|---|---|---|---|

स्वर्गद्वारी नगरपालिका २०७३

केशवराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | | | |
|---|---|---|---|---|
| १ | सरस्वती खनाल | प्रा.वि | बाल संस्कृत मा.वि. स्व.न.पा-२, धरमपानी | जनशिशु कल्याण प्रा.वि. स्व.न.पा-५, सिस्नेरी |
| २ | यमराज खत्री | प्रा.वि. | बाल शिक्षा प्रा.वि. स्व.न.पा-३, वर्तन | जनज्योती प्रा.वि. स्व.न.पा-७, ओरला |
| ३ | सिता शर्मा | प्रा.वि. | जनज्योती प्रा.वि. स्व.न.पा-७, ओरला | बाल शिक्षा प्रा.वि. स्व.न.पा-३, वर्तन |

**निर्णय नं.( १४)** प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिका स्वास्थ्य शाखामा जन स्वास्थ्य निरीक्षक पदमा कार्यरत कर्मचारी श्री दुर्गा प्रसाद गोरायोकी (संकेत नं २२५०७०) लाई चिकित्सा शिक्षा आयोग सानोठिमी भक्तपुरको सूचना अनुसार चिकित्सा शिक्षा स्नातक तहको (वि.पि.एच) अध्ययनमा जानको लागि हाललाई आवेदन दिनका लागि अध्ययन बिदाको पुर्व स्वीकृत दिने निर्णय गरियो।

**निर्णय नं.( १५)** प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिका अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र भिंग्रीमा सि.अ.हे.व पदमा कार्यरत कर्मचारी श्री मुकुल कवर मगर(कर्मचारी संकेत नं. २२४६०८) लाई नेपाल सरकार चिकित्सा शिक्षा आयोगको प्रकाशित सूचना अनुसार चिकित्सा शिक्षाको स्नातक तहको लागि (वि.पि.एच) अध्ययनमा जानको लागि हाललाई आवेदन दिनको लागि अध्ययन बिदाको लागि पूर्व स्वीकृत दिने निर्णय गरियो।

**निर्णय नं.(१६)** प्रस्ताव नं. १६ माथि छलफल गर्दा विभिन्न निवेदन अर्को कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो।

**अन्त्यमा आजको ७९औं कार्यपालिका बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो।**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ उपदफा (२) को खण्ड (ज) बमोजिम नगर कार्यपालिकाको बैठकको निर्णय प्रमाणित गर्दछु।

स्वर्गद्वारी नगरपालिका
२०७३

.......................................

(केशवराज भट्टराई)
प्रमुख प्रशासकीय अधिकृत

केशवराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner